# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७७ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मित्रराष्ट्र भारतबाट स्वतन्त्रता दिवस (१५ अगष्ट २०२०) को अवसरमा नेपालको शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रसँग सम्बन्धित सङ्घ संस्थालाई उपहारस्वरुप प्राप्त हुने भारतीय रुपैयाँ ४७,२८,०००।०० (सतचालिस लाख अट्ठाइस हजार) मूल्य बराबरको ६ थान स्कूल बस र भारतीय रुपैयाँ ३,५१,५२,०००।०० (तीन करोड एकाउन्न लाख बाउन्न हजार) मूल्य बराबरको ४१ थान एम्बुलेन्सहरुमा सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७७।०६।०२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७७ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माणाधीन जोगवनी-विराटनगर रेल मार्गमा Station Building Staff Quarters, Platform, FOB, PF Shelter, OH Water Tank लगायतका कार्य गर्नको लागि निर्माण कम्पनी M/S Bagmati Construction Company, India ले पैठारी गर्ने स्वीकृत अतिरिक्त माष्टरलिष्टमा उल्लेख भएबमोजिम भारतीय रुपैंयाँ ३३,९०,०००.०० (तेत्तीस

लाख नब्बे हजार) मूल्य बराबरको खपत हुने सामग्रीमा सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७७।०६।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७७ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी United Nations Population Fund (UNFPA) बाट राष्ट्रिय जनगणना २०७८ सञ्चालनका लागि केन्द्रीय तथ्याङ्क विभागलाई सहयोगस्वरुप प्राप्त हुने अमेरिकी डलर ४,९९,६८६।०० (चार लाख उनान्सय हजार छ सय छयासी) मूल्य बराबरको कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका १३ प्रकारका सामग्रीमा सम्पूर्ण कर तथा महसुल छुट दिने निर्णय मिति २०७७।०६।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
पाराश्वर ढुङ्गाना
सहसचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३